आज मिति २०७६।१२।२० गते विहिबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सन्चालन ऐन २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री बिहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री युवराज उप्रती | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | राजदेवठाकुर |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | जप्री |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned by TapScanner

**मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु**

मिति २०७६।१२।२०

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट उपभोग्य खाद्यान्न जुटाउन असमर्थ दैनिक हातमुख जोड्ने समस्याले ग्रसित, दैनिक ज्यालादारी गर्ने मजदुर, गरिब तथा आर्थिक रुपमा विपन्न किसान, असंगठित क्षेत्रमा कार्यरत श्रमिकलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट आवश्यक खाद्यान्न, राहत वा अनुदान उपलब्ध गराउने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने सम्वन्धमा ।

**बैठकका निर्णयहरु**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट उपभोग्य खाद्यान्न जुटाउन असमर्थ दैनिक हातमुख जोड्ने समस्याले ग्रसित, दैनिक ज्यालादारी गर्ने मजदुर, गरिब तथा आर्थिक रुपमा विपन्न किसान, असंगठित क्षेत्रमा कार्यरत श्रमिकलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट आवश्यक खाद्यान्न, राहत वा अनुदान उपलब्ध गराउने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन अर्को व्यवस्था नभएसम्मको लागि देहाय बमोजिम गर्ने निर्णय पारित गरियो ।

१) संघिय सरकार तथा स्थानिय आर्थिक स्रोतबाट राहत वितरण गर्दा नेपाल सरकारबाट जारी भएको "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्वन्धी मापदण्ड, २०७६" (नमूना मापदण्ड) मा उल्लेख गरिएका व्यवस्थाहरुमा प्रतिकुल असर नपर्ने गरी यस न.पा.को कार्यापालिका बैठकबाट आवश्यकता अनुसार पारित भएका निर्णयहरु बमोजिम गर्ने/गराउने ।

२) प्रदेश सरकारको स्रोतबाट राहत वितरण गर्दा प्रदेश सरकारबाट जारि भएको "कोरोना भाइरस संक्रमण (कोभिड-१९) प्रभावित मजदुर, श्रमिक, गरिब तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६" मा उल्लेख गरिएका व्यवस्थाहरुमा प्रतिकुल असर नपर्ने गरी यस न.पा.को कार्यापालिका बैठकबाट आवश्यकता अनुसार पारित भएका निर्णयहरु बमोजिम गर्ने/गराउने ।

३) प्रदेश सरकारबाट राहतको लागि घोषणा भएको रकम यस ना.पा.मा प्राप्त भएपश्चात आवश्यकता बमोजिमका खाद्यान्न सामाग्रीहरु नियमानुसार खरिद तथा विरतण गर्ने/गराउने ।

४) यस न.पा.भित्र राहत वितरण गर्नुपर्ने अनुमानित परिवार संख्या करिब २००० (दुई हजार) रहेको हुंदा हाललाई प्रत्येक परिवारको लागि चामल १५ के.जि., दाल २ के.जि., तेल आधा लिटर र नून १ के.जि. का दरले राहत उपलब्ध गराउन आवश्यक सामाग्री प्रदेश सरकारको राहत अनुदान रकम रु.१५ लाखबाट खरिद गर्ने र नपुग खाद्यान्न यस न.पाको विपद व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी नियमानुसार खरिद गरि वितरण गर्ने/गराउने ।

२०७६।१२।२०

Scanned by TapScanner

आवश्यक सामाग्रीहरुको विवरण

| राहत सामाग्री | प्रति परिवार वितरण परिमाण | २००० परिवारको लागि जम्मा आवश्यक परिमाण | अनुमानित जम्मा लागत रकम | कैफियत |
|---|---|---|---|---|
| चामल (मन्सुली) | १५ के.जी. | ३०० क्वीन्टल | रु.४४।- प्रति के.जी.का दरले जम्मा रु.१३,२०,०००।- | ६० क्वीन्टल चामल (रु.२,६४,०००।-) खरिद भैसकेको हुंदा अब २४० क्वीन्टल मात्र खारिद गर्नुपर्ने |
| दाल (मुसुरो) | २ के.जि. | ४० क्वीन्टल | रु.१२० प्रति के.जी.कादरले जम्मा रु.४,८०,०००।- | १२ क्वीन्टल दाल (रु.१,४४,०००।-) खरिद भैसकेको हुंदा अब २८ क्वीन्टल मात्र खारिद गर्नुपर्ने |
| तेल (तोरी) | आधा लिटर | १००० लिटर | रु.१७० प्रति लिटका दरले जम्मा रु.१,७०,०००।- | |
| नून (आयोनुन) | १ के.जी. | २००० के.जि. | रु.२० प्रति के.जी.का दरले जम्मा रु.४४०००।- | |
| **जम्मा** | | | **रु.२०,१४,०००।-** | ४,०८,०००।- (खरिद भैसकेको |

४) हाल स्वास्थ्य सम्बन्धी महामारी फैलिन सक्ने अवस्था भएको हुंदा जनहितका लागि विषेश परिस्थितिमा राहतका लागि खाद्यान्न खरिद तथा वितरण गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा घ(३)मा व्यवस्था भए बमोजिम विशेष परिस्थितमा उल्लेखित राहत सामाग्री खरिद गर्ने निर्णय पारित गरियो ।

066/12/20

Scanned by TapScanner